# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, वैशाख १५ गते २०४३ साल (संख्या ३


## भाग ३

### श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (क) उपखण्ड (१) (१) को प्रयोजनको लागि देहायका वस्तुहरू उत्पादन गर्ने र सेवा प्रदान गर्ने घरेलु तथा ग्रामीण उद्योगहरूलाई आयकर छुट नदिने गरी तोकेको छ। तर औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को उपदफा (११) द्वारा प्रदत्त आयकर सुविधामा कुनै असर पर्नेछैन।

१. (क) आधुनिक (सेलर) बाहेकका चामल मिल।
  (ख) आधुनिक बाहेकका तेल, दाल, मैदा मिल।

२. चिरानी काठ (स:मिल)

३. चुरोट, सिगार, बिडी र सुर्तिबाट बनेका अन्य सामानहरू।

४. सबै प्रकारका मदिरा, बियर, छयाङ्ग र (सोडावाटर, जिन्जरएल, टानिक वाटर तथा मिनरल वाटरबाहेक) कार्बोनाइज्ड हलुका पेयहरू।

५. कत्था र टेनिन।

६. फर्निचर।

७. स्टेनलेस स्टील भाँडावर्तन र अन्य सामान।

८. मेशिन प्रयोग गरी धुलाइ गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. जीप फास्नर ।

१०. बरफ र आइसक्रिम ।

११. फोटोग्राफी ।

१२. बहुमूल्य ढुङ्गा तथा जवाहरात कटिङ पोलिसिङ ।

१३. जडान उद्योग ।

१४. ईंट ।

१५. फोम र स्पञ्ज ।

१६. तयारी पोशाक ।

१७. प्याकिङ मात्र गर्ने ।

१८. चलचित्र ।

१९. टीन कण्टेनर ।

२०. रबर र रबरमा आधारित उद्योग ।

२१. तामा पित्तलमा आधारित उद्योग ।

२२. लुगा धुने साबुन (झोलसमेत) ।

२३. कार्वोन पेपर ।

२४. इनामेल कोटेड वायर ।

२५. जी. आई. वायर ।

२६. जी. आई. पाइप ।

२७. विद्युत् तार ।

२८. सिन्थेटिक लेदर ।

२९. फलाम र स्टीलमा आधारित उद्योग ।

३०. ड्राइसेल ब्याट्री ।

३१. सिल्क यार्न ।

३२. टुथपेष्ट, टुथपाउडर ।

३३. टुथ ब्रश ।

३४. ए. सी. सी. आर. कण्डक्टर ।

३५. कोरूगेशन मात्र गर्ने ।

३६. जडान वा अन्य प्रक्रियाबाट उत्पादित क्यासेट टेप, टेप रिकर्डर, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु-इन-वन, थ्री-इन-वन, टेलिभिजन स्कीन, भिडियो डेक र विद्युत्‌बाट चल्ने हिटर, टोष्टर, मिक्सर, कुकर, ग्राइण्डर, जुसर, हेयर ड्रायर तथा उपर्युक्त प्रकारका अन्य सामानहरू ।

खण्ड ३१ मिति २०३८।८।२९ संख्या ३५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आयकरसम्बन्धी सूचना खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ख) को उपखण्ड (२)को प्रयोजनको लागि देहायका वस्तुहरू उत्पादन गर्ने उद्योगको लागि आवश्यक पर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थको पैठारीमा प्रचलित भन्सार महसूल लाग्ने गरी तोकेको छ ।

१. बहुमूल्य ढुङ्गा र जवाहरात कटिङ सामान ।
२. स्टेनलेस स्टीलका भाँडा वर्तन र अन्य सामान ।
३. कृत्रिम रेशाहरू र कृत्रिम रेशाबाट बनेका कपडा ।
४. जीप फास्नर ।
५. एक्रेलिक यार्न ।
६. फोटोग्राफी ।
७. शृङ्गार प्रशोधन (कस्मेटिक्स) ।
८. चुरोट, सिगार, बिडी र सुर्तिबाट बनेका अन्य सामानहरू ।
९. (क) सबै प्रकारका मादक पदार्थयुक्त पेय पदार्थ मदिरा, वियर, छयाङ्ग (दुर्गम क्षेत्रमा फलफूलबाट निर्मित मदिराबाहेक) ।
(ख) सबै प्रकारका मादक पदार्थ रहित पेय पदार्थ (घरेलु स्तरका बाहेक) ।
१०. क्राउन कर्क ।
११. जडान उद्योग ।
१२. प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्डमा आधारित उद्योग ।
१३. फोम र स्पन्ज ।
१४. कोरूगेशन मात्र गर्ने उद्योग ।
१५. तयारी पोशाक ।
१६. प्याकिङ्ग मात्र गर्ने उद्योग ।
१७. चलचित्र ।
१८. टीन कण्टेनर ।
१९. रबर र रबरमा आधारित उद्योग ।
२०. तामा, पित्तलमा आधारित उद्योग ।
२१. कार्बोन पेपर उद्योग ।
२२. इनामेल कोटेड वायर ।
२३. जी. आई. पाइप ।



९६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. जी. आई. वायर ।

२५. विद्युत् तार ।

२६. सिन्थेटिक लेदर ।

२७. सिल्क यार्न ।

२८. टुथ पेष्ट ।

२९. टुथ ब्रश ।

३०. ए. सी. सी. आर. कण्डक्टर ।

खण्ड ३१ मिति २०३८।८।२९ संख्या ३५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ग) को उपखण्ड (४) को प्रयोजनको लागि देहायको उद्योगहरूको उत्पादनमा अन्तःशुल्क छुट नदिने गरी तोकेको छ ।

तर सि. नं. १४ देखि सि. नं. ३५ सम्मका घरेलु उद्योगहरूलाई मात्र यस ऐनको दफा १० (ग) को (१) र (३) अन्तर्गत अन्तःशुल्क सुविधा दिन सक्ने अवधिसम्मको प्रचलित कानूनबमोजिम लाग्ने अन्तःशुल्क दरको ७५ प्रतिशत बराबर अन्तःशुल्क लाग्नेछ ।

१. (क) आधुनिक (सेलर) बाहेकको चामल मिल ।
   (ख) आधुनिक बाहेकको तेल, मैदा, दाल मिल ।

२. स्टेनलेस स्टीलका भाँडा वर्तन र अन्य सामान बनाउने उद्योग ।

३. जीप फास्नर बनाउने उद्योग ।

४. बहुमूल्य ढुङ्गा तथा जवाहरात कटिङ पोलिशिङ गर्ने उद्योग ।

५. कत्था र टेनिन उद्योग ।

६. चुरोट, सिगार, बिडी र सुर्तिबाट बनेका अन्य सामानहरू बनाउने उद्योग ।

७. (क) सबै प्रकारका मादक पदार्थयुक्त पेय पदार्थ मदिरा (साइडरबाहेक), बियर, छ्याङ्ग (दुर्गम क्षेत्रमा फलफूलबाट निर्मित मदिराबाहेक) बनाउने उद्योग ।

स्पष्टीकरणः–

यस खण्डको प्रयोजनको लागि देहायका जिल्लाहरूलाई दुर्गम क्षेत्र मानिनेछ ।

१. हुम्ला
२. मुगु
३. जुम्ला
४. डोल्पा
५. कालिकोट
६. मुस्ताङ

१६२



१३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मनाङ ८. रसुवा
९. सोलुखुम्बु १०. ताप्लेजुङ
११. संखुवासभा १२. दार्चुला
१३. बाजुरा १४. बझाङ
१५. बाग्लुङ १६. पर्वत
१७. म्याग्दी १८. अछाम

(ख) सबै प्रकारका मादक पदार्थ रहित पेय पदार्थ (घरेलुस्तरका बाहेक) बनाउने उद्योग ।

८. श्रृङ्गार प्रशोधन (कस्मेटिक्स) बनाउने उद्योग ।

९. तरल पेट्रोलियम ग्यास उद्योग ।

१०. काउन कर्क उद्योग ।

११. चिरानी काठ (स:मिल) उद्योग ।

१२. जडान वा अन्य प्रक्रियाबाट उत्पादित ।

(क) टेप रिकर्डर, क्यासेट टेप, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु अथवा थ्री-इन-वन, टेलिभिजन स्क्रीन र भिडियो डेक ।

(ख) विद्युत्बाट चल्ने कोठा तताउने हिटर, टोष्टर, मिक्सर, कुकर, ग्राइण्डर, जुसर, हेयर ड्रायर र उपर्युक्त प्रकारका अन्य सामानहरु ।

१३. सिन्थेटिक यार्न (एक्रेलिक यार्नसमेत) र सोमा आधारित उत्पादन ।

१४. इँट (विद्युत् शक्तिको प्रयोग नगरी चिम्नी भट्टाबाट उत्पादित) ।

१५. प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्डमा आधारित उद्योग ।

१६. फोम र स्पञ्ज उद्योग ।

१७. कोरूगेशन मात्र गर्ने उद्योग ।

१८. प्याकिङ मात्र गर्ने उद्योग ।

१९. चलचित्र उद्योग ।

२०. टीन कण्टेनर उद्योग ।

२१. रबर र रबरमा आधारित उद्योग ।

२२. तामा, पित्तलमा आधारित उद्योग ।

२३. सबै किसिमका साबुन (पाउडर र झोलसमेत) बनाउने उद्योग ।

२४. कार्बोन पेपर उद्योग ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. इनामेल कोटेड वायर उद्योग ।

२६. जी. आई. वायर उद्योग ।

२७. जी. आई. पाइप उद्योग ।

२८. विद्युत् तार उद्योग ।

२९. सिन्थेटिक लेदर उद्योग ।

३०. फलाम र स्टीलमा आधारित उद्योग ।

३१. ड्राइसेल ब्याटरी उद्योग ।

३२. सिल्क यार्न उद्योग ।

३३. टुथ पेष्ट, टुथ पाउडर बनाउने उद्योग ।

३४. टुथ ब्रश बनाउने उद्योग ।

३५. ए. सी. सी. आर. कण्डक्टर बनाउने उद्योग ।

खण्ड ३३ मिति २०४०।४।१ अतिरिक्ताङ्क १३ + (घ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (घ) को उपखण्ड (४) को प्रयोजनको लागि देहायका उद्योगको लागि आवश्यक पर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थहरूको पैठारीमा बिक्रीकर लाग्ने गरी तोकेको छ ।

१. स्टनलेस स्टील भाँडा वर्तन र अन्य सामान (घरेलुस्तरको उद्योगमा मात्र) ।

२. जीप फास्नर जडान (एसेम्बलिङ) मात्र गर्ने (घरेलुस्तरको उद्योगमा मात्र) ।

३. शृङ्गार प्रशोधन (कस्मेटिक्स) (घरेलुस्तरको उद्योगमा मात्र) ।

४. जडान वा अन्य प्रक्रियाबाट उत्पादित क्यासेट टेप, टेप रिकर्डर, क्यासेट प्लेयर, घडी, क्याल्कुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु-इन-वन, थ्री-इन-वन, टेलिभिजन स्क्रीन, भिडियो डेक र विद्युत्‌बाट चल्ने हिटर, टोष्टर, मिक्सर, कुकर, ग्राइण्डर, जुसर, हेयर ड्रायर तथा उपर्युक्त प्रकारका अन्य सामानहरू (घरेलुस्तरको उद्योगमा मात्र) ।

५. सिन्थेटिक यार्न (एक्रेलिक यार्नसमेत) र सोमा आधारित उत्पादन (घरेलुस्तरको उद्योगमा मात्र) ।

६. प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्ड जस्ता पदार्थमा आधारित सामान उत्पादन गर्ने (घरेलुस्तरको उद्योगमा मात्र) ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कोरूगेशन मात्र गर्ने कर्कटपाता (घरेलुस्तरको उद्योगमा मात्र) ।

८. क्राउन कर्क (घरेलुस्तरको उद्योगमा मात्र) ।

९. फोम र स्पञ्ज (घरेलुस्तरको उद्योगमा मात्र) ।

१०. टीन कण्टेनर (घरेलुस्तरको उद्योगमा मात्र) ।

११. तामा पित्तलमा आधारित उद्योग (घरेलुस्तरको उद्योगमा मात्र) ।

१२. सबै किसिमको साबुन पाउडर (झोलसमेत) (घरेलुस्तरको उद्योगमा मात्र) ।

१३. कार्बोन पेपर ( घरेलुस्तरको उद्योगमा मात्र) ।

१४. इनामेल कोटेड वायर ( घरेलुस्तरको उद्योगमा मात्र) ।

१५. जी. आई. पाइप (घरेलुस्तरको उद्योगमा मात्र) ।

१६. जी. आई. वायर (घरेलुस्तरको उद्योगमा मात्र) ।

१७. विद्युत् तार ( घरेलुस्तरको उद्योगमा मात्र) ।

१८. सिन्थेटिक लेदर (घरेलुस्तरको उद्योगमा मात्र ) ।

१९. फलाम र स्टीलमा आधारित उद्योग (घरेलुस्तरको उद्योगमा मात्र) ।

२०. ड्राइसेल ब्याटरी (घरेलुस्तरको उद्योगमा मात्र) ।

२१. सिल्क यार्न (घरेलुस्तरको उद्योगमा मात्र) ।

२२. टुथ पेष्ट, टुथ पाउडर (घरेलुस्तरको उद्योगमा मात्र) ।

२३. टुथ ब्रश (घरेलुस्तरको उद्योगमा मात्र) ।

२४. ए. सी. सी. कण्डक्टर (घरेलुस्तरको उद्योगमा मात्र) ।

२५. फोटोग्राफी ।

२६. रेडिमेड गार्मेण्टस् ।

२७. प्याकिङ मात्र गर्ने ।

२८. चलचित्र उत्पादन गर्ने व्यवसाय ।

२९. रबर र रबरमा आधारित उद्योग ।

खण्ड ३४ मिति २०४१।४।१ अतिरिक्ताङ्क १९ (ख) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको बिक्रीकरसम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,

रविदेव शर्मा

श्री ५ को सरकारको का. मु. सचिव





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले गैरसैनिक हवाई उडान ( सिभिल एभिएशन ) ऐन, २०१५ को दफा ६ क. देखि ६ क्ष. सम्म आजैको मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ को नियम ३ को उप-नियम (४) को प्रयोजनको लागि योजना स्वीकृत गर्दा देहायबमोजिमको कार्यविधि अपनाउनु पर्ने गरी यो सूचना प्रकाशित गरिएको छ :–

१. आयोजनाको स्वीकृतिको आधार–

प्रत्येक आयोजना वा कार्यक्रमको स्वीकृति एवं खर्चको निकाशा अधिकार प्राप्त स्तरबाट निम्नलिखित तथ्यहरू प्रस्तुत भएको आयोजना प्रतिवेदनको आधारमा मात्र हुनेछ ।

(क) आयोजनाको रूपरेखा

(ख) आयोजनाको खर्च

(१) निर्माण खर्च

(२) सञ्चालन खर्च

(ग) आयोजनाबाट हुने लाभ

(१) उत्पादनमा वृद्धि

(२) रोजगारीमा वृद्धि

(३) अन्य आर्थिक सामाजिक उद्देश्यको प्राप्ति

(घ) आयोजनाको आर्थिक विश्लेषण एवं लाभ खर्चको अनुपात

(ङ) आयोजना कार्यान्वयन तालिका

(च) आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनबल तथा प्रमुख निर्माण सामग्रीको विवरण ।

२. आयोजनाको स्वीकृति दिने प्रक्रिया र अधिकारी–

(१) प्रस्तावित आयोजना राष्ट्रिय विकासको उद्देश्य, क्षेत्रगत (Sectoral) लक्ष्य एवं कार्यनीति अनुकूल छ छैन एवं स्वीकृत आवधिक योजनामा समावेश भएको हो होइन भन्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले राष्ट्रिय योजना आयोगको परामर्श लिनु पर्नेछ ।

(२) रा.यो.आ. को परामर्शलाई ध्यानमा राखी सम्बन्धित मन्त्रालयले निम्न-बमोजिम आयोजनाको स्वीकृति गर्ने एवं कार्यान्वयन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) स्वीकृत आवधिक योजनामा समावेश भएको एवं त्यसमा उल्लेख भए अनुसार नै प्रस्तावित आयोजनाको लाभ एवं खर्च हुने देखिएको र राष्ट्रिय योजना आयोगको पनि अनुकूल राय भएकोमा सम्बन्धित मन्त्रालयले सो आयोजनाको स्वीकृति दिने ।

(ख) स्वीकृत राष्ट्रिय आवधिक योजनामा समावेश नभएको वा सो योजनामा छुट्याइएको भन्दा बढी आर्थिक दायित्व पर्ने गरी आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको पनि राय लिनु पर्ने ।

(ग) रा. यो. आ. वा अर्थ मन्त्रालयको राय अनुकूल नभएमा सो रायहरू- समेत उल्लेख गरी आयोजना स्वीकृतिको लागि सम्बन्धित मन्त्रालयले मं. प. मा प्रस्ताव पेश गरी निर्णय भए अनुसार गर्ने ।

(३) आयोजनाको कामको लागि गरिएको खर्चका आधारहरू प्रचलित मूल्यको आधारमा मनासिब छ भन्ने सिफारिश आयोजना प्रतिवेदन प्रस्तुत गर्ने विभागीय एवं आयोजना प्रमुखले गरेको हुनु पर्ने ।

(४) निर्माण शुरू गर्नुभन्दा पहिले आयोजनाको प्राविधिक विस्तृत डिजाईन ड्रइङको उपयुक्तताको सम्बन्धमा सम्बन्धित विभागीय प्रमुख एवं अधिकार प्राप्त प्राविधिज्ञले स्वीकृत एवं प्रमाणित गर्नु पर्ने र यसरी स्वीकृत प्रमाणित भएका डिजाईन, ड्रइङ अनुसार मात्र निर्माण गर्नु पर्ने।

(५) माथि उल्लिखित आधारहरूको अतिरिक्त आयोजनाहरूको कार्यान्वयनलाई अनुशासनशील एवं सुदृढ गराउने प्रयोजनका लागि आवश्यक प्रक्रियाहरू श्री ५ को सरकारले समय समयमा स्पष्ट गरिदिन सक्नेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## नेपाल अधिराज्यका
## महान्यायाधिवक्ताको कार्यालयको
### सूचना १

यस कार्यालयमा नयाँ सृजना भएको नेपाल न्याय सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (अतिरिक्त सचिवस्तरको), अतिरिक्त न्यायाधिवक्ता पदमा यसै कार्यालयका सह-न्यायाधिवक्ता श्री भैरवप्रसाद लम्साललाई सरकारी वकिलसम्बन्धी नियमावली, २०२८ को नियम ८ को उप-नियम (२) बमोजिम स्थायी पद पूर्ति भएमा वा बीचमा अर्को आदेश भएमा स्वतः आफ्नै पदमा फर्कने गरी यस कार्यालयको निर्णयानुसार मिति २०४२।१२।२० देखि कायम मुकायम मुकरर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

यस कार्यालय अन्तर्गतका देहायका कार्यालयहरूको नेपाल न्याय सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) को पदमा देहायका राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का अधिकृतहरूलाई सरकारी वकिलसम्बन्धी नियमावली, २०२८ को नियम ८ को उप-नियम (२) बमोजिम पदाधिकारवाला फर्कमा वा स्थायी पद पूर्ति भएमा वा बीचमा अर्को आदेश वा व्यवस्था भएमा स्वतः आफ्नै पदमा फर्कने गरी यस कार्यालयको निर्णयानुसार मिति २०४२।१२।२० देखि कायम मुकायम मुकरर गरिएको छ ।

(क) यस कार्यालयका सह-न्यायाधिवक्ता श्री भैरवप्रसाद लम्साल यसै कार्यालयकै अतिरिक्त न्यायाधिवक्ता पदमा का. मु. मुकरर हुनु भै निजको खाली रहेको पदमा यसै कार्यालयका उप-न्यायाधिवक्ता श्री श्यामबहादुर प्रधानलाई ।

(ख) यस कार्यालयको नयाँ सृजना भएको सह-न्यायाधिवक्ता पदमा अञ्चल सरकारी वकिल कार्यालय, ओखलढुङ्गाको अञ्चल न्यायाधिवक्ता श्री मोहनमणि दहाललाई ।

(ग) पूर्वाञ्चल क्षेत्रीय सरकारी वकिल कार्यालय, धनकुटाका क्षेत्रीय न्यायाधिवक्ता यस कार्यालयमा काजमा रहनु भएकोले निजको खाली पदमा अञ्चल सरकारी वकिल कार्यालय, मेची अञ्चल इलामका अञ्चल न्यायाधिवक्ता श्री गंभीरमानसिंह राजभण्डारीलाई ।

(घ) सगरमाथा, नारायणी, जनकपुर अञ्चल सरकारी वकिल कार्यालयहरूमा नयाँ सृजना भएको सह-न्यायाधिवक्ताहरूको पदहरूमध्ये सगरमाथा अञ्चल सरकारी वकिल कार्यालय र नारायणी अञ्चल सरकारी वकिल कार्यालयमा सोही कार्यालयका अञ्चल न्यायाधिवक्ताहरू क्रमशः कृष्णवल्लभ शर्मा र विष्णुप्रसाद ढकाललाई र जनकपुर अञ्चल सरकारी वकिल कार्यालयमा भेरी अञ्चल सरकारी वकिल कार्यालयका अञ्चल न्यायाधिवक्ता श्री जागेश्वर सुवेदीलाई ।

आज्ञाले,
केदारप्रसाद शर्मा
मुख्य न्यायाधिवक्ता



१६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।१०।२१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उप-सचिवस्तरका देहायका अधिकृतहरूलाई सोही सेवाको समान पदमा देहायबमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय । |
|---|---|---|---|
| १. | श्री विदूर के. सी. | प्रमुख कर अधिकृत, कर कार्यालय, काठमाडौं । | उप-सचिव वा सो सरह, जलश्रोत मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री डोरबहादुर थापा | प्रमुख भंसार अधिकृत, कैलाली भंसार कार्यालय । | उप-सचिव, मन्त्रिपरिषद् सचिवालय । |
| ३. | श्री रिपुजितकेशरी पाण्डे | प्रमुख भंसार अधिकृत, त्रिभुवन विमानस्थल भंसार कार्यालय । | उप-सचिव, सामान्य प्रशासन मन्त्रालय । |
| ४. | श्री कृष्णप्रसाद मानन्धर | उप-सचिव, अर्थ मन्त्रालय । | उप-सचिव वा सो सरह, सञ्चार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ५. | श्री गोविन्दप्रसाद घिमिरे | अनुसन्धान अधिकृत, राजस्व प्रशासन तालीम केन्द्र । | उप-सचिव वा सो सरह, वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ६. | श्री मोहनबहादुर बहाल | उप-सचिव, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय काज–अर्थ मन्त्रालय । | उप-सचिव वा सो सरह, अर्थ मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ७. | श्री नूतननिधि तिवारी | रा. प. द्वितीय श्रेणी (उप-सचिवस्तर), सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | " " |
| ८. | श्री यज्ञबहादुर श्रेष्ठ | " " | " " |
| ९. | श्री द्वारिकाप्रसाद उपाध्याय | " " | " " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४२।१०।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) का श्री कर्णबहादुर चन्द्रलाई जिल्ला कार्यालय काभ्रेपलाञ्चोकको प्रमुख जिल्ला अधिकारी पदबाट अर्थ मन्त्रालय वा अन्तर्गत कार्यालयको उप-सचिव वा सो सरहको समान पदमा सरुवा गरेको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

## सूचना ३

श्री ५ को सरकारले मिति २०४२।११।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०. ६(५) अनुसारको कसूरमा सोही नियमावलीको नियम १०. १(५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

१. श्री वैद्यनाथ चौधरी,
मालपोत अधिकृत,
मालपोत कार्यालय, सिन्धुली ।
२. श्री लाल झा,
शाखा अधिकृत,
भूमिसुधार कार्यालय, सिन्धुली ।
३. श्री भैरवप्रसाद उपाध्याय भट्टराई,
भंसार अधिकृत,
भंसार कार्यालय, सर्लाही ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०४२।११।२४ को निर्णयानुसार अन्तःशुल्क कार्यालय, जलेश्वरका अन्तःशुल्क अधिकृत श्री बद्रीप्रसाद प्याकुरेललाई निजामती सेवा नियमावली, २०२१ को नियम ७. २(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७. २(१) बमोजिम मिति २०४२।११।१६ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।



९८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०४२।११।२८ को निर्णयानुसार क्षेत्रीय योजना कार्यालय, धनकुटाका शाखा अधिकृत श्री दयाराम ठाकुरलाई उद्योग मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारले मिति २०४२।१२।१३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री रामजीप्रसाद सत्याल | शाखा अधिकृत, सगरमाथा अञ्चलाधीश कार्यालय । | राजपत्राङ्कित तृतीय श्रेणी, संचार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री खगप्रसाद नेपाल | शाखा अधिकृत, उद्योग मन्त्रालय । | राजपत्राङ्कित तृतीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ३. | श्री नरेन्द्रराज शर्मा | शाखा अधिकृत, मन्त्रिपरिषद् सचिवालय, पूर्वाञ्चल विकास क्षेत्र निरीक्षण टोलीको कार्यालय । | ,, ,, |
| ४. | श्री भोलानाथ घिमिरे | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | शाखा अधिकृत, सामान्य प्रशासन मन्त्रालय । |
| ५. | श्री विमलप्रसाद वाग्ले | ,, ,, | ,, ,, |



९८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारले मिति २०४२।१२।१४ को निर्णयानुसार राजपत्र अनङ्कित प्रथम श्रेणीका देहायका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी देहायको पद र कार्यालयमा पदस्थापन गरेको छ ।

| क्र. सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री रामप्रसाद अमात्य | ना. सु., भूमिसुधार विभाग । | राजपत्राङ्कित तृतीय श्रेणी, भूमिसुधार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री गेहेन्द्रमान अमात्य | ना. सु., सूचना विभाग । | राजपत्राङ्कित तृतीय श्रेणी, संचार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ३. | श्री नारायणप्यारा श्रेष्ठ | ना. सु., कर कार्यालय, वीरगञ्ज । | " " |
| ४. | गोपाललाल श्रेष्ठ | ना. सु., कर कार्यालय, काठमाडौं । | राजपत्राङ्कित तृतीय श्रेणी, कृषि मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ५. | श्री लक्ष्मीनाथ शर्मा आचार्य | ना. सु., शिक्षा शाखा, तनहुँ । | राजपत्राङ्कित तृतीय श्रेणी, शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ६. | भोजविक्रम राई | ना. सु., शिक्षा शाखा, संखुवासभा । | " " |
| ७. | श्री हरिभक्त श्रेष्ठ | ना. सु., मालपोत कार्यालय, रौतहट । | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । |
| ८. | हरिप्रसाद पौडेल | ना. सु., क्षेत्रीय वन निर्देशनालय, हेटौंडा । | राजपत्राङ्कित तृतीय श्रेणी, वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ९. | श्री जनार्दन भण्डारी | ना. सु., लोक सेवा आयोग । | राजपत्राङ्कित तृतीय श्रेणी, लोक सेवा आयोग वा अन्तर्गत कार्यालय । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १०. श्री महेश्वर मिश्र | सहकारी अडिटर, साझा विकास शाखा, सप्तरी। | राजपत्राङ्कित तृतीय श्रेणी, भूमिसुधार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ११. श्री रामप्रसाद पराजुली | ना. सु., काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय। | राजपत्राङ्कित तृतीय श्रेणी, निर्माण तथा यातायात मन्त्रालय वा अन्तर्गत कार्यालय । |

## सूचना ८

श्री ५ को सरकारले मिति २०४२।१२।२१ को निर्णयानुसार राजपत्र अनङ्कित प्रथम श्रेणीका देहायका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा (लेखा समूह) को राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

| क. सं. | नाम र थर |
|---|---|
| १. | श्री विष्णुबहादुर श्रेष्ठ । |
| २. | श्री रमेशचन्द्र देवकोटा । |
| ३. | श्री कृष्णभक्त प्रजापती । |
| ४. | श्री पुष्परत्न वज्राचार्य । |
| ५. | श्री शेरबहादुर थिके । |

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

## भूलसुधार

खण्ड ३६ मिति २०४३।१।८ संख्या २ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको पहिलो सूचनाको सि.नं. १७ को साबिक पद र कार्यालय महलमा "पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा" हुनुपर्नेमा "पूर्वाञ्चल क्षेत्रीय शाखा निर्देशनालय, धनकुटा" हुन गएकोले भूलसुधार गरिएको छ।

सामान्य प्रशासन मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।